खिजीदेम्वा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खिजीफलाटे,ओखलढुंगा
१ नं. प्रदेश नेपाल

# स्थानीय राजपत्र

**खण्ड ३ संख्या १ स्थानीय राजपत्रमा प्रकाशित मिति : २०७६/०९/१७**

**भाग २**

**१. भूमिका :**

प्रत्येक वडा कार्यालयको अगुवाई र सामुहिक प्रयासमा टोलको संस्थागत, सामाजिक तथा आर्थिक विकास, स्थानीयस्तरमा सुशासन प्रवर्द्धन गर्न गाउँपालिकाका हरेक टोल बस्तीहरुमा निश्चित भौगोलिक क्षेत्रभित्र रहेका प्रत्येक टोलबस्तीका सबै घरधुरी सदस्य रहने गरी स्थानीय स्तरमा वडा समितिको मातहत तथा सहयोगीको रुपमा रहने गरी गठन गरिने टोल विकास समितिको कामलाई व्यवस्थित गर्न खिजीदेम्वा गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ बमोजिम खिजीदेम्वा गाउँ कार्यपालिकाले मिति २०७६/०९/०३ मा यो कायविधि स्वीकृत गरी जारी गरेको छ ।

# खिजीदेम्वा गाउँपालिकाको टोल विकास समिति गठन तथा परिचालन सम्वन्धी कार्यविधि, २०७६

**खिजीदेम्बा गाउँ कार्यपालिकाबाट पारित मितिः २०७६/०९/०३ प्रमाणिकरण मितिः२०७६/०९/०८**

**२. उद्देश्य :**

**टोल विकास समिति गठनका उद्देश्यहरु देहाय बमोजिम हुनेछन् :**

१) टोल, वस्तीस्तरमा विभिन्न निकायहरुबाट प्रवाह गरिने सेवामा टोलवासीको पहुँच अभिवृद्धि गर्ने,
२) टोलवासीहरुमा उद्यमशीलताको विकास गराई टोलस्तरमा लघु उद्यमको सिर्जना गरी सो को विकास र प्रवर्द्धन गर्ने,
३) टोल बस्ती स्तरमा समानता र समताको भावना जागृत गराउने, आपसी सद्भाव, समझदारी, समन्वय र मेलमिलाप कायम गराउने,
४) आर्थिक, सामाजिक सवालमा सबै टोलवासीलाई समान रुपमा सहभागी गराउने,
५) टोलको सामाजिक कार्यमा पारदर्शीता कायम गरी सुशासनलाई बढावा दिने,
६) टोल विकास समितिलाई वडाको सहयोगी इकाईको रुपमा विकास गरी सहभागितात्मक योजना तर्जुमा र कार्यान्वयनमा सहभागी गराउने,
७) टोलका सदस्यहरुमध्ये विपन्नहरुको अभिलेख तयार गर्ने र निजहरु लक्षित गरीवि निवारण सम्वन्धी विभिन्न क्रियाकलापहरु सञ्चालन गर्न वडा र गाउँपालिकालाई सहयोग गर्ने,
८) टोलको समग्र विकासका लागि कार्यक्रमहरु तय गर्न सहयोग गर्ने,
९) वातावण स्वस्थ मैत्री स्वच्छ सफा तथा बालमैत्री टोल घोषणा गर्नका लागि आवश्यक सूचकहरु पूरा गर्न वडा र गाउँपालिकालाई सहयोग गर्ने ।
१०) एक टोल र अर्को टोल बस्तीका विचमा समन्वय गर्दै समग्र वडाको विकासमा सहयोगीको भूमिका निर्वाह गर्ने ।
११) सामाजिक विकृति, कुलत, कुसंस्कार हटाउन सक्रिय भूमिका निर्वाह गर्ने ।

**३. गठन :**

**टोल विकास समितिको गठन देहाय बमोजिम हुनेछ :**

१) वडा कार्यालयले हरेक टोल बस्तीमा सम्बन्धित टोल बस्तीका वासिन्दाहरुलाई भेला गराई प्रत्येक टोल वस्तीमा आवश्यकता अनुसार टोल विकास समिति गठन गर्ने छ ।

२) गाउँपालिका क्षेत्रका बस्तीहरुको निश्चित भौगोलिक क्षेत्रभित्रका टोल मा रहेका घर परिवारका सदस्यहरुबाट टोल विकास समितिको गठन गरिनेछ ।

३) पहिलो पटकको लागि वडा कार्यालयको निर्णयअनुसार वडा अध्यक्ष वा निजले तोकेको वडा समितिको पदाधिकारीको रोहवरमा गरिने टोल भेलाबाट टोल विकास समितिको अध्यक्ष, उपाध्यक्ष, सचिव र सहभागितको आधारमा आवश्यकता अनुसारका सदस्यहरु रहेको टोल विकास समिति गठन गरिनेछ । तर, दोस्रो पटकको हकमा त्यस्तो समिति साधारण सभाबाट सकेसम्म सर्वसम्मत वा सो नभएमा बहुमतबाट गठन हुनेछ ।

४) टोल विकास कार्य समितिका पदाधिकारीहरुको पदावधि २ (दुई) बर्षको हुनेछ । एक पटक अध्यक्ष, उपाध्यक्ष र सचिव भएको व्यक्ति दुई बर्षको अवधि व्यतित नभई पुनः सोही पदको जिम्मेवारीमा निर्वाचित हुन सक्ने छैन ।

५) टोल विकास कार्य समितिको अध्यक्ष, उपाध्यक्ष र सचिव मध्येको कुनै एक पदमा अनिवार्य महिला पदाधिकारी हुनु पर्नेछ ।

६) टोल विकास समितिमा सकेसम्म टोलका सम्पूर्ण घरधुरीलाई एक घर एक सदस्यको रुपमा समेटनु पर्नेछ । सो सम्भव नभए कम्तीमा असी प्रतिशत घरधुरी सहभागी गराई टोल विकास संस्था गठन गरिनेछ । टोल विकास समितिमा सहभागी भएका सदस्यहरुमध्ये कम्तीमा पचास प्रतिशत महिला सहभागी आवद्ध गराउनु पर्नेछ ।

**४. टोल विकास समितिको सूचिकृत :**

**टोल विकास समितिको सूचिकृत देहाय बमोजिम हुनेछ :**

१) सम्वन्धित वडा कार्यालयको सिफारिसको आधारमा गाउँपालिकामा टोल विकास समिति सूचिकृत हुनेछन् ।

२) टोल विकास समिति सूचिकृत गर्ने निवदन ढाँचा अनुसुची-१ र प्रमाणपत्र दाचाँ २ मा दिइए अनुसार हुनेछ ।

**५. टोल विकास समितिले गर्ने कार्यहरु :**

**टोल विकास समितिले आफ्नो क्षेत्रको समग्र विकास र सदस्यहरुको हितका लागि देहायका कार्यहरु गर्नेछ :**

१) टोलमा धनी, गरीवको भावना हटाई सबै सदस्यहरुलाई निर्णय प्रक्रिया र स्रोतमा समान अधिकार प्रदान गर्ने,

२) विभिन्न सरकारी एवम् गैर सरकारी निकायहरुसँग सुमधुर सम्वन्ध स्थापित गरी टोलको विकासको लागि सहजीकरण गर्ने,

३) टोलमा उद्यम विकाससँग सम्वन्धित योजनाहरु सञ्चालन गर्न आवश्यक सहजीकरण गर्ने,

४) गाउँपालिकाले लागु गरेको कर दस्तुर सम्वन्धी नीतिको बारेमा प्रचार प्रसार गरी राजश्व अशुलीका लागि सचेतना र उत्प्रेरणामूलक क्रियाकलाप सञ्चालन गर्ने,

५) टोलको सामुहिक समस्या पहिचान गरी प्राथमिकताको आधारमा टोल विकास योजना तर्जुमा गरी वडा कार्यालयमा पेश गर्ने,

६) एच.आई.भि./एड्स, बोक्सी आरोप, अन्धविश्वास,बाल बिवाह, बहु बिवाह जस्ता सामाजिक समस्याको पहिचान गरी सुधार र न्यूनीकरणका कार्यक्रमहरु सञ्चालन गर्न वडा कार्यालयमा पेश गर्ने,

७) टोलको आर्थिक तथा सामाजिक तथ्याङ्क अद्यावधिक गर्नको लागि वडा तथा गा.पा. लाई सहजिकरण गर्ने,

८) टोलमा विभिन्न सरकारी तथा गैर सरकारी निकायहरुबाट सञ्चालन हुने योजनाहरुको अनुगमन गरी वडा कार्यालय मार्फत गाउँपालिकालाई पृष्ठपोषण दिने,

९) टोलमा विभिन्न सरकारी तथा गैर सरकारी संस्था मार्फत प्राप्त हुने कार्यक्रमहरु प्रभावकारी रुपमा कार्यान्यन गर्न गराउन आवश्यक सहयोग गर्ने,

१०) आफ्नो वडा तथा टोललाई वातावरणमैत्री स्वच्छ सफा तथा बालमैत्री बनाउने खालका कार्यक्रमहरु सञ्चालन गर्ने,

११) टोलमा आवास निर्माण मापदण्ड, सामाजिक सुरक्षा भत्ता आदिजस्ता सामाजिक सरोकारका बिषयमा चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,

१२) टोलमा रहेका सार्वजनिक, पर्ति,ऐलानी आदी जग्गाको संरक्षण कार्यमा गाउँपालिकालाई सहयोग गर्ने,

१३) गाउँ सभा, गाउँ कार्यपालिका र वडाले पारित गरेका निर्णय कार्यान्वयन गर्न सहयोग गर्ने,

१६)वडा तथा गाउँपालिकाबाट संञ्चालित योजना तथा कार्याक्रमहरु संञ्चालन तथा सम्पन्न गर्न सहयोग गर्ने ।

१७) आफ्नो टोल क्षेत्रबाट सिर्जना हुने फोहरहरुलाई उचीत व्यवस्थापन गर्ने काममा गाउँपालिकासँग साझेदारी र सहकार्यका लागि सहयोग गर्ने,

१८) गाउँपालिकासँग भएको समझदारी अनुसारका अन्य कार्यहरु गर्ने,

१९) गाउँपालिकाले निर्धारण गरेको सेवा शुल्क संकलन गर्न वडा तथा गा.पा. लाई सहयोग गर्ने ।

**६. टोल विकास समितिको बैठक :**

**टोल विकास समितिको बैठक व्यवस्थापन देहाय बमोजिम हुनेछ :**

१) टोल विकास समितिका सदस्यहरुको हित, सहयोग एवम् समन्वयमा केन्द्रीत रही टोल विकास समितिको बैठक कम्तीमा महिनाको एक पटक बस्नेछ ।

२) समितिको बैठकमा गाउँपालिकाका प्रतिनिधिहरु लगायत अन्य सरोकारवालाहरुलाई आमन्त्रण गर्न सकिने छ ।

३) समितिको सचिवले बैठकको निर्णयहरु बैठक पुस्तिकामा लेखी अध्यक्षलाई प्रमाणित गराउनु पर्नेछ ।

**७. टोल विकास समितिका पदाधिकारीहरुको काम कर्तव्य र अधिकार :**

**टोल विकास समितिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :**

**(क) अध्यक्षको काम, कर्तव्य र अधिकार :**

१) टोल विकास समिति बैठकको मिति, समय र स्थान तोकी नियमित रुपमा बैठक बोलाउने,

२) बैठकको अध्यक्षता गरी बैठक सञ्चालन गर्ने,

३) बैठकमा अनुशासनको पालना गर्न लगाउने र छलफलका विषयहरु टिपोट गर्ने वा गर्न लगाउने,

४) छलफल हुँदा सबैको बिचार संकलन गरी सर्वसम्मत निर्णय गराउन पहल गर्ने,

५) टोल विकास समितिको बैठकबाट भएका निर्णयहरु कार्यान्वन गर्ने गराउने,

६) विकासको कार्यमा सबै सदस्यहरुलाई समेटेर नेतृत्व प्रदान गर्ने,

७) बिशेष बैठक बोलाउन आवश्यक भएमा बैठक बोलाउन सचिवलाई निर्देशन दिने,

८) कार्यविधि बमोजिमका अन्य कार्यहरु गर्ने ।

**(ख) उपाध्यक्षको काम कर्तव्य र अधिकारः**

१) अध्यक्षको अनुपस्थितिमा कार्यवाहक अध्यक्ष भई अध्यक्षले गर्नुपर्ने सबै कामकाज गर्ने,

२) समितिले तोके बमोजिमका अन्य कामहरु गर्ने ।

**(ग) सचिवको काम, कर्तव्य र अधिकार :**

१) अध्यक्षको आदेश अनुसार बैठक बोलाउने,

२) एकतिहाई सदस्यले बिशेष बैठकका लागि लिखित माग गरेमा बैठक बोलाउने,

३) छलफलका प्रस्तावहरु संकलन गरी बैठकमा पेश गर्ने र बैठकको निर्णय लेखी अध्यक्षलाई प्रमाणित गराउने,

४) समितिको कृयाकलापको बारेमा सदस्यहरुलाई जानकारी गराउने,

५) तोकिए बमोजमका अन्य कार्यहरु गर्ने,

६) बैठक पुस्तिकामा पदाधिकारी तथा सदस्यहरुलाई उपस्थिति गराउने ।

**(घ) सदस्यको काम, कर्तव्य र अधिकार :**

१) गाउँपालिकासँग भएको साझेदारीपत्रमा उल्लेखित शर्त अनुसार गर्नुपर्ने कामहरु गर्ने,

२) आवश्यकता अनुसार टोल विकास समिति सञ्चालनको लागि नीति, नियमहरु बनाउन सहयोग गर्ने र सो नियमहरु पालना गर्ने गराउने,

३) आवश्यकता अनुसार अध्यक्ष, उपाध्यक्ष र सचिव लाई सहयोग गर्ने,

४) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

**८. विविध :**

१) यो कार्यविधिमा व्यवस्थित कुराहरु प्रचलित ऐन, कानूनहरुसँग बाझिएमा बाझिएको हदसम्म स्वत खारेज हुनेछन् ।

२) यो कार्यविधि कार्यान्वयनको क्रममा कुनै वाधा अड्चन आएमा गाउँ कार्यपालिका बैठकको निर्णय अनुसार वाधा अड्चन फुकुवा गरिनेछ ।

३) यो कार्यविधिमा उल्लेखित कुनै व्यहोरा संशोधन गर्नु पर्ने भएमा गाउँ कार्यपालिका बैठकको निर्णयबाट सशोधन हुनेछ ।

**अनुसूची–१**
**टोल विकास समितिलाई गाउँपालिकामा दर्ता गर्ने**
**निवेदनको नमूना**

मिति :......................

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
खिजीदेम्वा गाउँ कार्यपालिकाको कार्यालय, ओखलढुङ्गा ।

विषय : टोल विकास समिति दर्ता गर्ने सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा यस गाउँपालिकाअन्तरगतको वडा नं. ..... को......... टोलमा गठन गरिएको......................................................टोल विकास समितिलाई........................ गाउँपालिकामा सूचीकृत गरिदिनु हुन अनरोध गर्दछ । समिति भेला, वडा कार्यालयको सिफारिस र समितिका पदाधिकारीहरुको नागरीकता यसै साथ संलग्न छ ।

निवेदक
.............................

**अध्यक्षको नाम :**
टोल विकास समितिको नाम :
ठेगाना :
मितिः .........................

**अनुसूची-२**

खिजीदेम्वा गाउँपालिका,

गाउँ कार्यपालिकाको कार्यालय ओखलढुङ्गा

# प्रमाण-पत्र

........................................... गाउँपालिका वडा नं. ............ स्थित ............................. मा गठन भएको .................................. टोल विकास समितिलाई यस कार्यालयमा मिति ................... मा दर्ता गरी यो प्रमाण-पत्र प्रदान गरिएको छ । यस गाउँपालिकाको आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, शहरी सुशासन लगायतका क्षेत्रमा यस टोल विकास समितिको सहभागिताको अपेक्षाका साथै उत्तरोत्तर प्रगतिको शुभकामना गर्दछु ।

आज्ञाले

सुवास पौडेल

प्रमुख प्रशासकीय अधिकृत